# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, वैशाख १९ गते २०४६ साल (संख्या ३


## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी रामेछाप जिल्लाको मंथली गाउँ पञ्चायतमा मंथली नगर विकास समिति गठन गरेको छ।

समितिको गठन:

(१) अञ्चलाधीश, जनकपुर अञ्चल — अध्यक्ष
(२) रामेछाप जिल्लाका राष्ट्रिय पञ्चायतका सदस्यहरु — सदस्य
(३) सभापति, रामेछाप जिल्ला पञ्चायत — सदस्य
(४) प्रमुख जिल्ला अधिकारी, रामेछाप जिल्ला — सदस्य
(५) सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य, जिल्ला पञ्चायत रामेछाप — सदस्य
(६) श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवा २ जना — सदस्य
(७) प्रधानपञ्च, मंथली गाउँ पञ्चायत — सदस्य
(८) प्रमुख, रामेछाप जिल्ला मालपोत कार्यालय — सदस्य
(९) प्रमुख, खानेपानी तथा ढल निकास, जिल्ला कार्यालय रामेछाप — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) प्रमुख, जिल्ला वन कार्यालय, रामेछाप — सदस्य

(११) प्रमुख, भवन आवास तथा शहरी विकास, जिल्ला कार्यालय रामेछाप — सदस्य-सचिव

द्रष्टव्यः— १. अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

२. मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

92